प्रमाणित

आज मिति २०८३ साल बैशाख महिना ०७ गते सोमवारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक व
२०८२/०८३ को नगर कार्यपालिकाको बाह्रौं वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल
अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री बसन्त सिं ठकुरी | सदस्य | का. वडा अध्यक्ष ३ |
| | श्री बोम बहादुर थापा | सदस्य | का. वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्यांल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री शोभाखर पोखरेल | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

प्रमाणित

आर्थिक वर्ष २०८२/०८३ को बाह्रौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः
मितिः (२०८३/०१/०७)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,
२. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा जिल्ला समन्वय समिति तनहुँको कार्यालयबाट प्राप्त पृष्ठपोषण सम्बन्धमा,
३. लागत सहभागितामा सञ्चालन हुने योजना छनोट सम्बन्धमा,
४. विविध

निर्णय नं. १
प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/१२/११ गते बसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को एघारौ बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू यथाशीघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २
प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन सहजीकरण गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ अनुसार स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा रहेका ५ विषयक्षेत्र, २० उपक्षेत्र, १०० सूचक तथा २०० उपसूचकमा प्रविष्टि गर्नुपर्ने ३१३ दस्तावेजमध्ये नगरपालिकाका विभिन्न शाखाबाट आ.व. २०८१।०८२ मा कार्य सम्पादन गरेका कार्यको विवरण तथा कागजातहरू प्रविष्टि गरेका आधारमा भिमाद नगरपालिकाले जिल्ला समन्वय समिति, तनहुँमा पेस गरेको प्रारम्भिक कुल अङ्क ६७.२ लाई जिल्ला समन्वय समिति तनहुँबाट प्राप्त पृष्ठपोषणका आधारमा तोकिएका कागजातहरू अन्तिम प्रविष्टि गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने ।

निर्णय नं. ३
प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकाका विभिन्न वडाहरुवाट लागत सहभागितामा काम गर्न इच्छुक भै माग हुन आएका तपशिल वमोजिमका योजना तथा कार्यक्रमहरुमा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नगर विकास योजनाको सि.नं. १०५ लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना शीर्षकवाट उपभोक्ताहरुको ३० प्रतिशत र नगरपालिकाको ७० प्रतिशतमा लागत सहभागिता हुने गरी रकम विनियोजन गर्ने साथै उपभोक्ता समितिहरुले बैकमा जम्मा गरेको लागत सहभागिताको रकम योजना सम्पन्न भए पछी नगरपालिकाको सिफारिसबाट मात्र भुक्तानी हुने गरी सम्बन्धित बैकलाई पत्राचार गर्ने।
तपशिल

प्रमाणित [signature]

| क्र.स. | योजनाको नाम | वडा नं. | नगर अनुदान रु. (७०%) |
|---|---|---|---|
| १ | वोमा टोल विकास संस्था अधुरो भवन निर्माण योजना | भिमाद-१ | ६,००,००० |
| २ | लगनशिल आमा समूह अधुरो भवन निर्माण योजना | भिमाद-२ | ४,००,००० (चार लाख) |
| ३ | देउराली आमा समुह भवन अधुरो भवन निर्माण योजनन | भिमाद-२ | ३,००,००० |
| ४ | समता आमा समूह अधुरो भवन निर्माण योजना | भिमाद-३ | ३,५०,००० |
| ५ | खहरे खेत नाला निर्माण योजना | भिमाद-३ | ५०,००० |
| ६ | ठूलो खेत कृषि मार्ग योजना | भिमाद-३ | १,००,००० |
| ७ | माथिल्लो खहरे खेत संरक्षण योजना | भिमाद-३ | १,००,००० |
| ८ | चुहानडाँडा देखि नरिकोटसम्म अधुरो ढलान र गोरेटो निर्माण योजना | भिमाद-४ | ४,००,००० |
| ९ | दुर्गा मन्दिर जानेवाटो स्तरोन्नती योजना | भिमाद-५ | २००,००० |
| १० | खरखरे वैकल्पिक मोटरमार्ग नाला निर्माण योजना | भिमाद-५ | ४,००,००० |
| ११ | शिव पञ्चायन हवन कुण्ड निर्माण योजना | भिमाद-६ | ६,००,००० |
| १२ | टिमुरे खेत संरक्षण योजना | भिमाद-८ | १,००,००० |
| १३ | दिपज्योति ठकुरी समाज भवन निर्माण योजना | भिमाद-८ | ५,००,००० |
| १४ | पाथर्दी होमस्टे सडक स्तरोन्नती | भिमाद- ९ | ६,००,००० |

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा कार्यालयको सिफारिस साथ पाइप माग गरि निवेदन पेश भएका तपसिल बमोजिमका खानेपानी योजना तथा उपभोक्ता समितिहरुलाई भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको अन्य खानेपानी योजनाहरु (पाईप खरिद तथा वितरण) सि.न. १०० शिर्षकबाट भुक्तानी हुने गरी माग भए बमोजिम पाईप उपलब्ध गराउने ।

तपसिल

| क्र.सं. | खानेपानी योजनाका नामहरु | वडा नं. | प्राविधिक लागत अनुमान /प्रस्तावना भए/नभएको | सामानको विवरण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | अधेरीखोला खानेपानी योजना | ७ | भएको | २० mm को ३०० मिटर पोलिथिन पाइप |
| २ | मित्रलाल भण्डारि खानेपानी | ७ | भएको | २० mm को ३०० मिटर पोलिथिन पाइप |
| ३ | सिंचाइ तथा खानेपानी व्यवस्थापन आनन्द देव श्रेष्ठ समेत | ५ | भएको | २० mm को ४०० मिटर पोलिथिन पाइप |
| ४ | रत्न बहादुर वि. क. सहितका खानेपानी तथा सिंचाइ | ५ | भएको | २० mm को २५० मिटर पोलिथिन पाइप |

**निर्णय नं. ५**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाले आर्थिक वर्ष २०८२।०८३ मा सम्पादित विकास निर्माणका कामहरु, बजेट खर्चको अवस्था र सेवा प्रवाहका सम्बन्धमा सरोकारवाला तथा नगरबासीहरुलाई जानकारी गराई राय सुझाव लिनका लागि मिति २०८३।१।११ गते दोस्रो चौमासिक सार्बजनिक सुनुवाई भिमाद नगरपालिकाको वडा नं. ९ चिहानडाँडामा रहेको भिमाद सामुदायिक भवनमा गर्ने ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भानुमती स्वास्थ्य चौकीमा कार्यरत अ. हे. ब. ललिता साहको छोरा लाई bone marrow transplant गर्नको लागि आर्थिक सहयोगको लागि निवेदन दिनु भएको हुँदा भिमाद नगरपालिका खर्च मापदण्ड, २०८० को दफा १७ बमोजिम उपचार तथा सहायता खर्च (कर्मचारी तथा पूर्व एवम वर्तमान पदाधिकारीहरु) शीर्षकबाट रु २५,०००/- (अक्षरुपी पच्चीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

**निर्णय नं. ७**

प्रस्ताव नं ४. माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ३ मा सञ्चालित लोकतान्त्रिक मोटरमार्ग कालोपत्रे योजना ठेक्का नं. २/BM/NCB/Works/०८२/०८३ को निर्माण कार्य गर्ने क्रममा निर्माण कार्य गर्ने स्थलको भौगोलिक वनावट स्थानीय वस्ती संरक्षणका लागि थप रिटेनिङ्ग वाल निर्माण तथा ढलानको परिमाण ग्यावििन पर्खालको चेनएजमा हेभी फिलिङ्ग रहेको हुँदा सडक निर्माण गर्दा गुणस्तरीय नहुने देखिएको भनी प्राविधिक शाखावाट प्रतिवेदन पेश हुन आएकोले शुरु सम्झौतामा रकम नबढ्ने गरी प्राविधिक शाखावाट तयार गरिएको Variation order स्वीकृत गर्ने ।

**निर्णय नं. ८**

प्रस्ताव नं ४. माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. १ र २ मा सञ्चालित किहुँ मार्ग कालोपत्रे योजना ठेक्का नं. ४/BM/NCB/Works/082/083 को मिति २०८२/०८/११ गते सम्झौता भई सन्तोषजनक रुपमा निर्माण कार्य अगाडि नबढेको ,कार्यालयवाट पटक पटक मौखिक रुपमा ताकेता गरिएकोमा कामको प्रगति

अगाडि नबढेको भनी योजना अनुगमन तथा सुपरीवेक्षण समितिवाट प्रतिवेदन प्राप्त भएकोले निर्माण व्यवसायी हेजल/ रुद्रमहादेव जे .भि. लाई सचेत गराई सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा ठेक्का सम्झौता बमोजिम सचेत गराउन योजना शाखालाई सम्बन्धीत निर्माण व्यवसायीलाई पत्रचार गर्न निर्देशन दिने ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको बालकोष स्थापना तथा सञ्चालन कार्यविधि निर्माण गर्न विधेयक समितिलाई सैद्धान्तिक सहमति दिने ।

**निर्णय नं. १०**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिका र भिमाद कृषि उद्यम सहकारी संस्था लिमिटेड विच सहकार्यमा डेरी सहितको साईलेज उद्योग सञ्चालन गर्नको लागि तनहुँ जिल्ला (साविक भिमाद गा. वि. स. वडा नं. १) भिमाद नगरपालिका वडा नं. ६ मा रहेको नक्सा सिट नं १/ङ कित्ता नं. १५७०, १५७१ र ९९५ श्रेत्रफल एक रोपनी दुई आना दुई पैसा ( क्षेत्रफल १-२-२-०) को जग्गाधनी रङ्गनाथ पौडेलको नाती टिकानिधी पौडेलको छोरा दधिराज पौडेल सँग गरेको सम्झौता बमोजिम कृषि उद्यम सहकारी संस्था लिमिटेड सञ्चालन हुनु भन्दा अगाडीको ४ महिना ११ दिनको जग्गा भाडा रकम रु ११,४६०।(अक्षरेपी एघार हजार चारसय साठी) मात्र भिमाद नगरपालिकाको वार्षिक नगर विकास योजना २०८२/०८३ सि. नं. ७१ सवारी साधन तथा मेशिनर औजार भाडा शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल नगरपालिका संघ सदस्यता नंवीकरण शुल्क रु २५,०००। (अक्षरेपी पच्चीस हजार मात्र) आ.व. २०८२।०८३ भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नगर विकास योजनाको सि.नं. २१ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शीर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. १२**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको वडा कार्यालयको सिफारिस बमोजिम तपसिलको कार्यक्रम तथा योजनाको नगर सभामा पेश गर्ने गरी संशोधन गर्ने ।

| क्र.स | योजनाको नाम | विनियोजित रकम रु | वडा नं. | सि.नं. | संशोधन पछि योजनाको नाम |
|---|---|---|---|---|---|
| १ | भलिवल खेलाडी प्रशिक्षण कार्यक्रम | २,००,००० | २ | ७ | पशु सेवा कार्यालय च्यानल गेट तथा ट्रस निर्माण निर्माण |
| २ | फेदि चौतारी देखि सालिमे चोक सिढि निर्माण योजना | १,००,००० | २ | | रघु मा.वि.सडक ढलान योजना |